# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं कार्तिक २४ गते २०१० साल [ संख्या १३

## भाग १

### गृहमन्त्रालयको सूचना

ऐन सवालसम्बन्धी लालमोहरको सक्कल कानूनमन्त्रालयमा राख्ने

ऐन सवालसम्बन्धी लालमोहर विभिन्न मन्त्रालयबाट गराई आफ्नो साथमा राख्ने गरी आएकोमा, त्यसरी छुटफुट राख्ता खोजेका बखत छिटो फेला नपर्ने हुने भइरहेकोले, अब सबै एकत्रित गरी राख्न मुनासीब हुँदा, ऐन सवालसम्बन्धी भइसकेको र अब हुने लालमोहरसमेत, सक्कल कानूनमन्त्रालयमा राख्ने र अन्यत्र त्यसको नक्कल मात्र राख्नुपर्छ ।

आज्ञाले—
भैवनरसिंह प्रधान
सेक्रेटरी—गृहमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## पब्लिक सर्भिस कमिशनको सूचना नं. ५

स्वास्थ्यमन्त्रालय–अन्तर्गत डाइरेक्टर आफिस आयुर्वेदीय विभागलाई एक-जना पर्सनल असिस्टेन्ट कविराज चाहिएको छ। प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा २०१० साल पौष २० गते रोज १ (३ जनवरी १९५४) सम्ममा उमेदवारहरुले तलको ठेगानामा दरखास्त दिनुहोला।

उक्त पदको विवरण निम्न प्रकार छः—

१. पदः—पर्सनल असिस्टेन्ट कविराज—नायब सुब्बासरहको स्थायी र पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—सरकारस्वीकृत कुनै आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेदाचार्य या तत्समान कविराजी पास भएको। विशेष शिक्षा प्राप्त भए-कालाई ग्राह्यता दिइनेछ।

३. मासिक तलब र भत्ताः—मो. रु. १२०।–२४०। र भत्ता मो. रु. १५।

४. अभ्यास अवधिः—६ महिना।

५. कामः—डाइरेक्टर आफिस आयुर्वेदीय विभागमा डाइरेक्टरका पर्सनल असिस्टेन्ट भई परिआएका काम गर्ने।

खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी—
पब्लिक सर्भिस कमिशन.

## पब्लिक सर्भिस कमिशनको सूचना नं. ६

अर्थमन्त्रालय–अन्तर्गत तातापानी भन्सार अड्डालाई एकजना हाकिम डिठ्ठा चाहिएको छ। प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा २०१० साल पौष २७ गते रोज १ (१० जनवरी १९५४) सम्ममा उमेदवारहरुले तलको ठेगानामा दरखास्त दिनुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

पदको विवरण यस प्रकार छः—

१. पदः—स्थायी र पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—निजामती मध्यम परीक्षा। भन्सारको काममा अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ।

३. मासिक तलब स्केल र भत्ताः—मो. रु. ७०।–१३०। महगी भत्ता मो. रु. १२।५०, हाकिम भत्ता मो. रु. १५।

४. कामः—पूर्व १ नं. तातापानीमा भन्सार महसूल असूल तहसील गरी स्याहा सेस्ता खडा गरी बही बुझाउने।

५. शर्तः—वर्षभरमा कमसेकम कति आमदानी पुऱ्याउने हो, अंक खुलाउनुपर्ने। सो अंकबमोजिम आमदानी नपुगे लाँगी दामासाहीले बुझाउनुपर्ने।

६. विशेष सहुलियतः—बस्ने घर पाइने।

खड्गमान मल्ल एम्, ए.
सेक्रेटरी,
पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१२१